नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुली

प्रजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०२५६
कार्यालय : ५२०६१०
फ्याक्स : ५२०१३३

प.सं. : स्था.प्र. तथा शा. सु. ०७९/८०

च.नं. : २५१६

मिति : २०८०/३/२१

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सिन्धुली

विषयः- **प्रहरी प्रतिवेदन माग गर्ने सम्बन्धमा ।**

**श्री जिल्लास्थित स्थानीय तह सवै**

जन्मदर्ता व्यक्तिको संविधान प्रदत्त एवं नैसर्गिक अधिकार हो । साधारण अवस्थामा सूचक उपस्थित भई आवश्यक कागजात पेश गरी जन्मदर्ता वनाउन सकिने हुन्छ । तर बाबु वेपत्ता वा ठेगाना थाह नभएको अवस्थामा भने यस विषय यकिन हुने प्रहरी प्रतिवेदनका आधारमा मात्र जन्मदर्ता गर्न सकिने नियमावलीको व्यवस्था रहेको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा २८ ले पन्जिकाधिकारीलाई आवश्यक सहयोग पुर्याउनु सम्बन्धित गाँउ/नगरपालिका र स्थानीय प्रशासन संचालन गर्ने निकायको कर्तव्यको रुपमा तोकेको छ । यसैले जन्मदर्ताको प्रयोजनका लागि प्रहरी प्रतिवेदन/मूचुल्का माग गर्दा पन्जिकाधिकारीले सोझै आफ्नो क्षेत्र हेर्ने इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीमा बुझ्नुपर्ने व्यहोरा खोली पत्राचार गर्ने भनी तहाँ अन्तर्गतका सवै पन्जिकाधिकारीहरुलाई जानकारी गराइदिनहुन अनुरोध छ ।

२०८०/३/२१
सुनिता नेपाल
प्रमुख जिल्ला अधिकारी

**<u>बोधार्थ तथा कार्यार्थ</u>**

श्री जिल्ला प्रहरी कार्यालय सिन्धुलीः- यस अनुसारको व्यहोरा सवै प्रहरी इकाइहरुमा संचार गरिदिनहुन ।